# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

## लिखित परीक्षा सञ्चालन तथा नतिजा प्रकाशन शाखा

मितिः २०७८।०८।२१

## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको लिखित परीक्षाको समय तालिका

### सूचना नं. ११/२०७८-०७९

प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको विज्ञापन नं. FRT-५४००१-५४००७/२०७८-०७९, खुला तथा समावेशी पदमा दरखास्त दिनुहुने उम्मेदवारहरुमध्ये प्रथम चरणको शारीरिक परीक्षण तथा तन्दुरुस्ती परीक्षामा सहभागी भइ सवै चरणका परीक्षामा सफल हुनुहुने उम्मेदवारहरुको **दोश्रो चरणको प्रतियोगितात्मक लिखित परीक्षाको मिति र समय** देहाय बमोजिम कायम गरिएको व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ।

| क्र.स. | विज्ञापन नं. | सेवा, समूह, तह | विज्ञापन किसिम | परीक्षा मिति तथा समय |
|---|---|---|---|---|
| १. | FRT - ५४००१-५४००७/ २०७८-७९ | नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन | खुला/समावेशी | २०७८।०९।२४ गते दिनको २:०० बजे |

**पुनश्चः**

१. परीक्षा दिन आउँदा अनिवार्य रुपमा प्रवेशपत्र ल्याउनु पर्नेछ। प्रवेशपत्र विना परीक्षामा सम्मिलित गराईने छैन। परीक्षार्थीले प्रवेशपत्रका साथै नागरिकताको प्रमाणपत्र वा सरकारी निकायले जारी गरेको फोटो सहितको परिचयपत्र अनिवार्य रुपमा साथमा लिई परीक्षा संचालन हुनुभन्दा कम्तीमा १ घण्टा अगावै परीक्षा भवनमा आइपुग्नु पर्नेछ।

२. परीक्षा हल भित्र झोला, किताव, कापी, कागजपत्र, मोवाइल, स्मार्ट घडी तथा विद्युतीय उपकरण निषेध गरिएको छ।

३. परीक्षार्थीले परीक्षामा कालो मसी भएको कलम मात्र प्रयोग गर्नु पर्नेछ।

४. आयोगले सूचनाद्वारा निर्धारण गरेको कार्यक्रम अनुसार परीक्षा सञ्चालन हुनेछ। आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन।

५. उम्मेदवारले बस्तुगत परीक्षामा आफूलाई प्राप्त प्रश्नपत्रको "की" उत्तरपुस्तिकामा अनिवार्य रुपले लेख्नुपर्ने छ, नलेखेमा उत्तरपुस्तिका स्वतः रद्द हुनेछ।

६. परीक्षामा क्यालकुलेटर प्रयोग गर्न पाइनेछैन।

७. उम्मेदवार परीक्षा केन्द्रमा आउदाँ कोभिड-१९ को संक्रमणलाई मध्यनजर गरी आफ्नो प्रयोजनको लागि फेस सिल्ड/मास्क लगाई साथमा स्यानिटाइजर समेत लिइ आउनु पर्नेछ। आफ्नो लागि पिउने पानीको प्रबन्ध आफैले गर्नु पर्नेछ।

सम्पर्कः ०७१-५४१०६२, ५४१४८४, email: info.ppsc@lumbini.gov.np, loksewa.lumbini@gmail.com

(गोविन्द प्रसाद पाण्डे)
अधिकृत आठौ